# राष्ट्रिय विपद् बुलेटिन

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

मासिक

अंकः २२ । २०८० माघ । नेपाल संवत् ११४३ पोहेलाथ्व । January 2024 । Website: www.bipad.gov.np/np/


## प्राधिकरणको नेतृत्वमा पुनर्निर्माण : प्रधानमन्त्री दाहाल



सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अझै सशक्त बनाएर यसैमार्फत् जाजरकोट एवं बझाङ भूकम्पपछिको पुनर्निर्माण गरिने बताउनुभएको छ ।

जाजरकोट रामीडाँडा भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण सम्बन्धी ललितपुरमा पुस १८ गते आयोजित बृहत् अन्तरक्रिया कार्यक्रममा विशेष मन्तव्य राख्दै प्रधानमन्त्री दाहालले २०७२ को भूकम्पपछि गठन गरिएको जस्तो छुट्टै निकाय नबनाइने जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अझै सशक्त बनाउन ऐन परिमार्जन गरेर भए पनि यसलाई साधनस्रोत सम्पन्न गरेर र यस प्राधिकरणको सांगठनिक संरचनालाई मजबुत बनाएर यसैमार्फत पुनर्निर्माणको काम अघि बढाउँछौं ।'

कार्यक्रममा अर्थमन्त्री डा. प्रकाशशरण महतले भूकम्प पीडितलाई सुरक्षित आवास निर्माण गर्ने अभियानमा सरकार गम्भीरताका साथ लागेको बताउनुभयो । मन्त्री डा. महतले भन्नुभयो, 'आफ्नो स्रोतबाहेक जे जति आवश्यकता पर्छ, त्यो अर्थ मन्त्रालयले जुटाउने छ । दातृ निकायसँग अन्तरक्रिया गरेका छौं । उहाँहरुले सहयोगको तत्परता देखाउनु भएको छ ।'

शहरी विकास मन्त्री सीता गुरुङले स्थानीय तहलाई पहिलो प्राथमिकता दिएर पुनर्निर्माणलाई अगाडि बढाउनु पर्ने धारणा राख्नुभयो । मन्त्री गुरुङले सोसाइटी अफ नेप्लिज आर्किटेक्ट्ससँग सहकार्य गरेर ड्रोनमार्फत् अध्ययन गर्न लागिएको जानकारी दिनुभयो ।


**प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा कार्यक्रममा व्यक्त मन्तव्यको पूर्ण पाठ पृष्ठ ३ मा**


पूर्वअर्थमन्त्री जनार्दन शर्माले भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री, पुरानो शैलीमा नयाँ प्रविधिको घर निर्माण गर्न जोड दिनुपर्ने धारणा राख्नुभयो । सरकारले भूकम्प प्रतिरोध घर निर्माण गर्न पहल गर्नुपर्ने उहाँको जोड थियो ।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले स्थानीय साधन स्रोत प्रयोग गरेर जलवायु उत्थानशील पुनर्निर्माणलाई अघि बढाउनु पर्ने धारणा राख्नुभयो । पोखरेलले अधिकारसहित बलियो बनाएर प्राधिकरणमार्फत् पुनर्निर्माण अघि बढाउनु उपयुक्त निकाय भएको पनि बताउनुभयो ।

२०७२ सालको गोरखा भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माणका लागि गठित तर ०७८ पुसबाट कार्यकाल सम्पन्न भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले प्रदेश र स्थानीय सरकारलाई अघिल्लो पंक्तिमा राखेर पुनर्निर्माण र पुनर्स्थापनाको काम अघि बढाउनुपर्ने धारणा राख्नुभयो ।

ज्ञवालीले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणजस्तै प्रधानमन्त्री कार्यालय मातहत लगेर अनुगमन र 'ओभसाइट' गर्ने जिम्मेवारी दिनुपर्ने पनि बताउनुभयो ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका पूर्व प्रमुख कार्यकारी अधिकृत डा. गोविन्द राज पोखरेलले भूकम्पपछिको पुनिर्निर्माणलगायत अन्य नियमित पुनर्निर्माणमा तालिमप्राप्त सिकर्मी र डकर्मीले मात्र घर बनाउन पाउने नियम बनाउनुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा जाजरकोट र रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारीहरु क्रमशः सुरेश सुनार र हरि प्रसाद पन्तले जिल्लामा भूकम्पबाट भएको क्षतिबारे जानकारी दिँदै पुनर्निर्माणको नेतृत्व गर्ने निकायको जिल्लामा अलग्गै संरचना हुँदा सहज हुने धारणा राख्नुभयो ।

## पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धमा विकास साझेदारहरुसँग परामर्श



जाजरकोट, बझाङ र डोटीलाई केन्द्रबिन्द बनाएर गएका भूकम्पबाट क्षतिग्रस्त निजी आवास, सार्वजनिक भवन एवं पूर्वाधारको पुनर्निर्माण एवं जीविकोपार्जन पुनर्स्थापना सम्बन्धमा विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिहरुसँग अर्थ मन्त्रालयमा परामर्श बैठक आयोजना गरिएको छ ।

पुस ६ गते बसेको बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतले भूकम्पपछिको पुनर्निर्माण सरकारको प्राथमिकतामा रहेको र त्यसका लागि ठूलो मात्रामा स्रोतको आवश्यकता पर्ने देखिएकोले सहयोगका लागि विकास साझेदारहरुलाई आह्वान गर्नुभयो ।

मन्त्री महतले हाल संचालित कार्यक्रमहरुमा पुनर्संरचना गरेर भए पनि पुनर्निर्माणमा जोड दिन आग्रह गर्नुभयो ।

विकास साझेदार संस्थाहरुका नेपाल प्रमुख एवं प्रतिनिधिहरुले भूकम्पपछिको पुनर्निर्माणमा सहयोगको प्रतिबद्धता व्यक्त गर्दै पुनर्निर्माणमा संलग्न हुने सक्ने क्षेत्रबारे जानकारी गराउनुभएको थियो ।

प्राधिकरणका प्रमुख कार्यकारी अनिल पोखरेलले तीनवटा जिल्लालाई केन्द्रबिन्द बनाएर गएका भूकम्पबाट भएको क्षतिको लेखाजोखा र आवश्यकता आंकलनको प्रारम्भिक सारांश प्रस्तुत गर्नुभएको थियो ।

त्यसक्रममा पोखरेलले हालसम्म प्राप्त तथ्यांक अनुसार निजी आवाससहित सार्वजनिक संरचना पुनर्निर्माणका लागि करिब ६९ अर्ब रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको जानकारी समेत गराउनुभएको थियो ।

# २६औं भूकम्प सुरक्षा दिवसको मूल कार्यक्रम चन्द्रागिरीमा हुने

२६औं भूकम्प सुरक्षा दिवस २०८० मूल समारोहको कार्यक्रम आगामी माघ २ गते चन्द्रागिरी नगरपालिकामा हुने भएको छ । २६औं भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको गृह मन्त्रालयमा आज बसेको बैठकले यो वर्षको सुरक्षा दिवसको नारा 'स्थानीय स्रोत र प्रविधि समेतको प्रयोग गरौँ, भूकम्प थेग्ने संरचना बनाऔँ !!' पनि तय गरेको छ ।

बैठकले भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ को व्यवस्था बमोजिम चन्द्रगिरी नगरपालिकाको संयोजकत्वमा व्यवस्थापन उप-समिति, सहरी विकास तथा भवन निर्माण विभागको संयोजकत्वमा प्रचार प्रसार उप-समिति गठन गरेको छ । उक्त मार्गदर्शनअनुसार दुबै उप-समितिमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) ले सदस्य-सचिवको रुपमा कार्य गर्नेछ ।

भूकम्प सुरक्षा दिवसको नारासहितको पोष्टर लगायतका सामग्री मुलुकभरका विद्यालयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् उपलब्ध गराई भूकम्प सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने पनि बैठकमा समझदारी बनेको छ । साथै सो दिन सम्भव भएसम्म प्रत्येक स्थानीय तहका विद्यालयसँग भूकम्प सुरक्षा विषयमा कक्षा सञ्चालनका साथै कृत्रिम घटना अभ्यास (Simulation) गर्ने व्यवस्था मिलाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् अनुरोध गर्ने निर्णय पनि भएको छ ।

जाजरकोट, बझाङ र डोटी केन्द्रविन्द भई गएको भूकम्पका प्रभावितहरुलाई उपलब्ध गराइएको अस्थायी आवास अनुदान, अस्थायी आवास निर्माण कार्यको प्रगति सम्बन्धमा अनुगमन गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मूल समारोह समितिमा प्रतिवेदन प्रस्तुत गर्ने पनि बैठकले निर्णय गरेको छ ।




बैठकले उपत्यकाभित्र र बाहिरका कम्तिमा एक/एक उद्योगमा भूकम्पीय जोखिम न्यूनीकरण तथा सुरक्षित संरचना निर्माण सम्बन्धी सचेतना कार्यक्रमका साथै पूर्वाभ्यास (Simulation) कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई अनुरोध गर्ने निर्णय पनि गरेको छ ।

बैठकले भूकम्प सुरक्षा दिवस, २०८० का अवसरमा गरिने कार्यक्रम तथा क्रियाकलाप र त्यसको जिम्मेवार निकायको मोटामोटी खाका पनि तय गरेको छ ।

बैठकले भूकम्प सुरक्षा दिवसका सन्दर्भमा आयोजना हुने कार्यक्रममा सहभागिता जनाउन नागरिक समाज, संयुक्त राष्ट्र संघीय निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, सञ्चार माध्यम, निजी क्षेत्र लगायत आह्वान गरेको छ ।

यसका साथै बैठकले भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ लाई हालको संघीय प्रणाली अनुरुप हुने गरी परिमार्जन गरी कार्यविधिको मस्यौदाको रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिमा पेश गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) लाई निर्देशन दिएको छ ।

बैठक स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेतको अध्यक्षतामा बसेको हो । बैठकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्री अनिता देवीको पनि उपस्थिति थियो । साथै, विभिन्न नगरपालिकाका प्रमुखहरु, नेपालका सरकारका सचिवहरु, सुरक्षा निकायका उच्च अधिकारीहरु, नेपाल रेडक्रस सोसाइटी लगायत संस्थाका प्रतिनिधिहरु, राष्ट्रसंघीय निकायका प्रतिनिधिहरु लगायतको सहभागिता थियो ।

विसं १९९० माघ २ गते गएको विनाशकारी भूकम्पको संझनामा २०५५ सालदेखि हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाईंदै आएको छ । उक्त दिन दिउँसो २:२४ बजे गएको ८.४ म्याग्निच्युडको भूकम्पले जनधनको ठूलो क्षति पुर्याएको थियो ।

यसअघि, भूकम्प सुरक्षा दिवसको २६औं संस्करण मनाउन प्राधिकरण सभाहलमा एक तयारी बैठक आयोजना गरिएको थियो । प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलको अध्यक्षतामा पुस १३ गते बसेको बैठकमा चन्द्रागिरी नगरपालिकाका प्रमुख घनश्याम गिरिको पनि सहभागिता थियो ।

# युएनएफपीए मार्फत् दक्षिण कोरियाको सहयोग परिचालन हुने

दक्षिण कोरियाले जाजरकोट भूकम्पबाट प्रभावितहरूका लागि गरेको आर्थिक सहयोग संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए) ले परिचालन गर्ने भएको छ । दक्षिण कोरियाली सरकारले भूकम्प प्रभावितहरुका लागि तीन लाख अमेरिकी डलर (करिब ३ करोड ९८ लाख रुपैयाँ) बराबरको सहयोग गरेको हो ।

यो सहयोग युएनएफपीए मार्फत आवश्यक मानवीय सामग्री हस्तान्तरण गरिनेछ। २०८० कार्तिक १७ गते जाजरकोटलाई केन्द्रबिन्द बनाएर गएको भूकम्पमा परी १ सय ५४ जनाको मृत्यु भएको थियो। हजारौं महिला तथा बालबालिका प्रभावित भएका थिए ।

सहयोग हस्तान्तरणका सन्दर्भमा नेपालका लागि दक्षिण कोरियाली राजदूत एच. ई. तेयोङ पार्कले भन्नुभयो, 'युएनएफपीएसँगको सहकार्यमा जाजरकोटमा भूकम्पबाट प्रभावितमध्ये अति जोखिममा परेका समुदायहरूलाई सहयोग गर्न दक्षिण कोरियाली सरकार प्रतिबद्ध छ। यो प्रतिबद्धता नेपालसँग कोरियाको लामो




समयदेखिको साझेदारीसँग मिल्दोजुल्दो छ, हामी सन् २०२४ मा कूटनीतिक सम्बन्धको ५०औँ वर्षगाँठ मनाउँदैछौं । अहिलेको यो सहयोगले भर्खरै गएको भूकम्पबाट प्रभावित समुदायको पुनः लाभमा सहयोग पुग्ने विश्वासका साथ कोरियाली जनता र सरकार नेपालको साथमा रहेको छ।'

युएनएफपीए का नेपाल प्रतिनिधि वोन योंग होङले मानवीय सहयोग पुर्याउने दक्षिण कोरियाको कदमको प्रशंसा गर्नुभएको छ । उहाँले भन्नुभयो, 'हामी दक्षिण कोरियाली सरकारको यो अमूल्य सहयोगको लागि धेरै आभारी छौँ। यो योगदानले प्रभावित महिला र किशोरीहरूलाई उनीहरूको सरसफाइ, महिनावारी स्वच्छता, र यौन र प्रजनन सम्बन्धी आवश्यकताहरूको सहयोग र सेवाहरू पुर्याउन युएनएफपीएलाई सक्षम बनाएको छ ।'

दक्षिण कोरियाको सहयोगमा आगामी तीन महिनामा ४०,००० भन्दा बढी महिला तथा बालिकाहरूलाई सेवा दिने, ५,००० न्यानो कपडा तथा सामग्री, २,००० डिग्निटी (मर्यादा) किट, र विभिन्न स्वास्थ्य किटका १४ वटा सेट लगायतका अत्यावश्यक स्वास्थ्य सामग्री वितरण गर्ने युएनएफपीएले जनाएको छ।

यी किटहरूमा अस्पताल र अन्य स्वास्थ्य सुविधाहरूमा आपत्कालीन हेरचाह र चिकित्सकीय व्यवस्थापन र परिवार योजना सामग्रीहरूको लागि आवश्यक चिकित्सा उपकरण समावेश छन्।

# विपद् प्राधिकरणलाई सशक्त बनाएर पुनर्निर्माणको काम अघि बढाउँछौं

नेपालको पश्चिमी क्षेत्रमा ठूलो भूकम्प आउन सक्ने सम्भावनाबारे विज्ञहरूले भन्दै आएका छन् । वर्ष दिनभित्रै जाजरकोट, बझाङ्ग र डोटीमा गएका भूकम्पले यसको पूर्वसंकेत गरेको छ । एक वर्षअगाडि पनि डोटी–बाजुरा भूकम्पका कारण ६ जनाको ज्यान गएको थियो र सयौं घरमा क्षति पुगेको थियो । यही वर्षको असोज १६ गतेपछि एक महिनाको अन्तरालमा बझाङ र जाजरकोट भूकम्पलगत्तै म दुवै स्थानमा पुगेँ । त्यहाँको अवस्था देख्दा लाग्यो– मध्यम खालको भूकम्प आउँदा त यस्तो अवस्था छ भने हालैको जापानमा गएको जत्रो म्याग्निच्युडको भूकम्प वा २०७२ सालको जत्रो भूकम्प गएको भए त्यसले सिर्जना गर्ने त्रासदी हामीले झेल्न सक्थ्यौं होला र ?

हामीकहाँ भूकम्प या विपद्पछि उद्धार या त्यसबाट जोगिने विषयमा केही समय चर्चा हुने गर्दछ । तर, विपद पूर्व जोखिमको आंकलन गरी सोहीअनुरूपको संरचना र तयारीका काममा उदासिनता रहने गरेको छ । त्यसैले यसपटक श्रृङ्खलाबद्ध रूपमा आएका भूकम्पहरूले हामीलाई जोखिम प्रतिरोधी संरचना र सोहीअनुरूपको निरन्तर तयारीका लागि घच्घच्याएको छ । त्यसैले, अब पुनर्निर्माणका लागि गतिलो तयारी गर्ने, भूकम्पप्रतिरोधी डिजाइन तयार पार्ने, बलियो संरचना बनाउने तथा पर्याप्त बजेटको व्यवस्था गर्ने विषयमा मेरो जोड रहेको छ । यो काममा ढिलाई हुनु हुँदैन ।

जाजरकोट भूकम्पपछिको खोज, उद्धार र राहतमा विगतको तुलनामा सरकारी संयन्त्रको प्रभावकारिता अनुभूति हुनेगरी बृद्धि भएको छ । सरकारका तीनै तहको सक्रियता र समन्वयका कारण उद्धार, उपचार र राहतको अभियान सफल भएको हो । म यी कार्यमा संलग्न सबै स्थानीय सरकार, सुरक्षा निकाय, गृह प्रशासन, राजनीतिक दलहरू, विकास साझेदार, सामाजिक संघ-संस्था तथा सम्बन्धित क्षेत्रका सबै जनप्रतिनिधिलाई धन्यवाद दिन्छु । भूकम्पपूर्वको तयारी, भूकम्पपछि तत्काल उद्धार, उपचार र राहतको प्रबन्ध र दीर्घकालीन रूपमा त्यसको प्रभावको समाधान गर्ने किसिमले हाम्रा प्रयासहरू केन्द्रित गर्नुपर्ने कुरासमेत यो अनुभवले सिकाएको छ ।

सरकारले उद्धार र राहतसँगै भूकम्पबाट पूर्ण क्षति भएका घरका परिवारलाई तत्कालका लागि अस्थायी आवास निर्माण गर्न प्रतिघरपरिवार ५० हजार उपलब्ध गराएको अवगत नै छ । यसैगरी सांसद विकास कोष र थप गरी रू. १० अर्ब विपत् व्यवस्थापन कोषमा प्रबन्ध गरिसकिएको छ । अब अस्थायी आवास निर्माणमा स्थानीय तहहरूको नेतृत्व स्थापित हुने गरी प्रक्रिया अगाडि बढाइएको छ । प्रदेश र स्थानीय तहहरूले पुनर्निर्माणका लागि पहल लिनुपर्नेछ, स्थानीय सरकारहरू जति सक्रिय हुन्छन् त्यति छिटो जनताले पैसा पाउँछन् । म स्थानीय स्वशासन स्थापित हुनेगरी काम गरेर देखाउन स्थानीय जनप्रतिनिधिहरूलाई आह्वान गर्दछु । हालसम्म अस्थायी आवास निर्माणमा सहयोग पुर्याउनु हुने सबैलाई धन्यवाद दिन्छु र यो कार्य सम्पन्न नभएसम्म यसरी नै सहयोग भइरहने विश्वास गरेको छु ।



**प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'**

प्रभावित क्षेत्रमा क्षतिको आंकलन तथा आवश्यकता पहिचानको काम करिब करिब सम्पन्न भएको छ । यसका आधारमा उपयुक्त कार्ययोजना तय गरी प्रदेश र स्थानीय तहको अगुवाइ तथा तीनै तहको समन्वयमा पुनर्निर्माणको कार्य प्रारम्भ गर्नेछौं । यसका लागि सम्बद्ध सबैलाई आ-आफ्नो क्षेत्र र तहमा तीब्रताका साथ तयारी गर्न निर्देशन पनि दिन्छु । हामीले घरहरू मात्रै बनाएर पुग्दैन, त्यहाँ सार्वजनिक संरचनाको पुनर्निर्माण तथा आर्थिक, सांस्कृतिकसहित समग्र पुनर्निर्माणको योजना बनाएर अघि बढ्ने योजना हुनुपर्दछ ।

> राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अझै सशक्त बनाउन ऐन परिमार्जन गरेर भए पनि यसलाई साधनस्रोत सम्पन्न गरेर र यस प्राधिकरणको सांगठनिक संरचनालाई मजबुत बनाएर यसैमार्फत पुनर्निर्माणको काम अघि बढाउँछौं ।

पुनर्निर्माणको काम अघि बढाउँदा कर्णाली र सुदूरपश्चिमका जनताको सामाजिक, सांस्कृतिक पहिचान र संस्कृतिको सम्मानका साथै उनीहरूसँगको छलफल र सहमतिका आधारमा निर्णय गर्ने र विपद् व्यवस्थापनमा स्थानीय तहको क्षमता अभिवृद्धि हुने गरी कार्ययोजना तर्जुमा गर्नुपर्नेमा समेत म जोड दिन चाहन्छु । त्यस क्षेत्रमा विभिन्न सीपमूलक तालिम, उद्यमशीलताका लागि सहुलियतमा ऋणको व्यवस्थासहित समग्र ग्रामीण अर्थतन्त्र बलियो बनाउने कुरामा ध्यान दिन म निर्देशन दिन्छु । यसैगरी, पुनर्निर्माणको कार्यमा स्थानीय स्रोतसाधनको उपयोग र परिचालन, सीप विकास तथा रोजगारी सिर्जनाको अवसर, मौलिक तथा भूगोल र जलवायु अनुकूल बस्ती विकासलाई समेत विशेष ध्यान दिनु जरुरी छ ।

२०७२ को गोरखा र सिन्धुपाल्चोकको भूकम्पको अनुभवबाट पाठ सिक्दै नेपाललाई कसरी विपद् र जलवायु परिवर्तन उत्थानशील बनाउने भन्ने चुनौती हाम्रासामु छ । हामी २०७२ मा गठन गरिएको पुनर्निर्माण प्राधिकरणजस्तो छुट्टै निकाय बनाउने बाटोमा जाँदैनौं । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अझै सशक्त बनाउन ऐन परिमार्जन गरेर भए पनि यसलाई साधनस्रोत सम्पन्न गरेर र यस प्राधिकरणको सांगठनिक संरचनालाई मजबुत बनाएर यसैमार्फत पुनर्निर्माणको काम अघि बढाउँछौं ।

यी भूकम्पका असर र प्रभावलाई राम्रोसँग विश्लेषण गरेर यसपछि आउनसक्ने विपद् जोखिमको व्यवस्थापन गर्न हामीले यसैबेला व्यवहारिक र प्रभावकारी नीतिगत आधारहरू तयार गर्नुपर्छ । क्षति भएका र जोखिममा रहेका घरहरू संरचना मात्र होइन, अरु जिल्लामा रहेका कमजोर र जोखिममा रहेका संरचनाहरूलाई पनि प्रबलीकरण गर्ने वा अहिले नै भत्काएर निर्माण गर्नुपर्छ ।

हालसालै गएका थुप्रै भूकम्पलाई जोखिमको पूर्वसंकेतको रूपमा लिँदै ठूलो विपदको सामना गर्न सक्ने क्षमता विकास गर्ने जोखिम आँकलन (Risk Assessment), न्यूनीकरण, पूर्वतयारी र पूर्वसूचना प्रणालीको काम अझै घनिभूत गर्न र स्थानीय तहको क्षमता अभिवृद्धिमा जोड दिन विशेष निर्देशन दिन चाहन्छु । पर्याप्त मात्रामा पूर्वतयारीको लागि खोज तथा उद्धारका लागि उपकरणहरूको व्यवस्था, राहतका लागि टेन्टलगायतका सामग्रीहरूको व्यवस्था सबै प्रदेश गोदाम, जिल्ला गोदाम र स्थानीय तहमा हुने व्यवस्थाका लागि कार्ययोजना बनाउन प्राधिकरणलाई निर्देशन दिन्छु । अर्थ मन्त्रालय र योजना आयोगले पुनर्निर्माणका साथै जोखिम न्यूनीकरण र पूर्वतयारीको लागि थप बजेटको व्यवस्था गर्नुपर्छ ।

देशभरिकै निजी आवास र सरकारी संरचनाहरूको बिमाको व्यवस्था गर्न मैले मन्त्रीपरिषदमै निर्देशन दिए बमोजिम व्यक्तिगत आवासलगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गरी नेपाल सरकारको मुख्य सचिवले प्रतिवेदन पेश गर्ने निर्णय मन्त्रिपरिषदले गरिसकेको छ । यसलाई समेत तीब्रता दिन निर्देशन गर्दछु । साथै स्थानीय मौलिकता र विशेषतासहितका संरचना निर्माणमा केन्द्रित हुन आग्रह गर्दछु ।

अन्त्यमा, भूकम्प प्रभावितलाई उद्धार, राहत तथा नेपाललाई विपद् र जलवायु परिवर्तनको प्रभावबाट सुरक्षित राख्न सहयोग प्रदान गर्न खटिनुभएका सम्पूर्ण राष्ट्रसेवक, सुरक्षा निकाय, स्थानीय तह, नागरिक समाज, विकास साझेदार, सामाजिक संघ-संस्था, नागरिक समाज, सञ्चारकर्मी, स्थानीय समुदायलगायत सबैलाई सरकारका तर्फबाट धन्यवाद दिँदै आगामी दिनमा समन्वय, सहकार्य र सहयोगका लागि समेत आव्हान गर्दछु ।

*(जाजरकोट रामीडाँडा भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण सम्बन्धमा २०८० पुस १८ गते ललितपुरमा आयोजित बृहत् अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको धारणा)*

# विपद्‌को तथ्य तथ्यांक

## २०८०-०१-०१ देखि २०८०-०९-२९ सम्म

| घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | पशु चौपाया क्षति | घर क्षति: पूर्ण | घर क्षति: आंशिक |
|---|---|---|---|---|---|---|---|
| ४३०८ | ४१८ | ३१ | १२६५ | ७८२३९ | २४७९ | २७५९६ | ३९८३४ |

**अनुमानित क्षति (रु.)**
**४,५९,७८,७७,०६७**

## २०८० पुसको संक्षिप्त विवरण

*२०८०-०९-०१ देखि २०८०-०९-२९ सम्म*

| घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | पशु चौपाया क्षति | घर क्षति: पूर्ण | घर क्षति: आंशिक |
|---|---|---|---|---|---|---|---|
| ४४४ | १३ | ० | ५७ | ५२९ | २३८ | ५७ | २९ |

**अनुमानित क्षति (रु.)**
**२०,४१,१३,४५०**

## २०८० पुसमा घटना अनुसारको क्षतिको विवरण

*२०८०-०९-०१ देखि २०८०-०९-२९ सम्म*

**आगलागी**
घटना संख्याः ३७७
मृत्युः ७
बेपत्ताः ०
घाइतेः ३४

**जनावर आक्रमण**
घटना संख्याः ५०
मृत्युः ५
बेपत्ताः ०
घाइतेः २२

**पहिरो**
घटना संख्याः ५
मृत्युः १
बेपत्ताः ०
घाइतेः ०

**वन डढेलो**
घटना संख्याः ११
मृत्युः ०
बेपत्ताः ०
घाइतेः ०

**लेक लाग्नु**
घटना संख्याः १
मृत्युः ०
बेपत्ताः ०
घाइतेः १

*स्रोतः http://www.bipadportal.gov.np/*

## सम्पर्क व्यक्तिहरुको समन्वय बैठक

संघीय मन्त्रालय, आयोग एवं कार्यालयहरु, उपत्यकाका नगरपालिकाहरु एवं सुरक्षा निकायका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्तिहरु (Focal Persons) को पहिलो समन्वय बैठक सम्पन्न भएको छ ।

विपद् व्यवस्थापनका कार्यक्रमहरुलाई राष्ट्रिय रणनीतिक प्राथमिकता अनुकूल बनाउन, विभिन्न निकायहरुले गर्ने कार्यमा संभावित दोहोरोपना हटाई प्रभावकारी बनाउन, सम्बन्धित निकायहरुबीच समन्वयको संयन्त्र निर्माण गर्न एवं अनुभवहरुको आदानप्रदान गर्ने उद्देश्यले बैठकको आयोजना गरिएको हो ।

बैठकका प्रमुख अतिथि प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद् व्यवस्थापनमा सबैको एकीकृत प्रयास र पहलकदमी आवश्यक पर्ने भएकोले संयुक्त कार्यक्रमको ढाँचा तयार गर्न संघीय निकायहरु, स्थानीय तह एवं सुरक्षा निकाय बीच समन्वय गरिएको बताउनुभयो ।

बैठकका सहभागीहरुले आ-आफ्ना निकायहरुको कार्यक्षेत्र, कानुनी प्रावधान, हाल संचालित कार्यक्रमहरुका बारेमा जानकारी गराउनुभएको थियो ।

बैठकमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च (NPDRR) अन्तर्गत रहने 'सरकारी निकायको समूह' पनि गठन गरिएको छ । समूहको संयोजकमा प्राधिकरणका सहसचिव रहनु हुनेछ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७७ ले ९ वटा सरोकारवाला समूहहरुको व्यवस्था गरेको छ ।

कार्यक्रम प्राधिकरणका सहसचिव भरत मणी पाण्डेको अध्यक्षतामा संचालन भएको हो ।

## भूकम्प प्रभावित क्षेत्रमा सूचना पाटी र सहायता कक्ष





जाजरकोट भूकम्पबाट प्रभावितले अस्थायी आवास निर्माण गर्न अनुदान लिने प्रक्रिया एवं आवश्यक कागजातसहित बारम्बार सोधिने जिज्ञासा समेटिएको सूचना पाटी राखिएको छ ।

प्राधिकरण र जिल्ला प्रशासन कार्यालय, जाजरकोटले तयार गरिएको सामग्री जाजरकोटको जिल्ला प्रशासन कार्यालय परिसरसहित सातवटा पालिकाका ७७ स्थानमा राखिएको छ । यसका लागि राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च र ह्याबिटेट फर ह्युम्यानिटी नेपालले प्राविधिक सहयोग गरेका हुन् ।

त्यसैगरि, जाजरकोट भूकम्पबाट प्रभावित नागरिकका लागि अस्थायी आवास निर्माण गर्न सहजीकरण गर्ने उद्देश्यले बारेकोट गाउँपालिका लगायतका स्थानमा सहायता कक्ष स्थापना गरिएको छ ।

लाभग्राहीले अस्थायी आवास निर्माण गर्न अनुदान लिने प्रक्रिया र आवश्यक कागजात आदिबारे सहायता कक्षबाट जानकारी प्राप्त गर्न सक्छन् ।

## प्राधिकरणमा सहसचिव पाण्डे, आचार्यको बिदाई



प्राधिकरणमा कार्यरत सह सचिव जयनारायण आचार्य जिल्ला प्रशासन कार्यालय, सुनसरीमा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा सरुवा हुनु भएकोमा प्राधिकरणका सहसचिव भरत मणी पाण्डे र अन्य उच्च अधिकारीले बधाइ ज्ञापन गर्दै बिदाइ गर्नुभएको छ । प्राधिकरण आचार्यज्यूले प्राधिकरणलाई पुर्याउनुभएको योगदानका लागि धन्यवाद दिंदै नयाँ कार्य जिम्मेवारीका लागि शुभकामना दिन चाहन्छ ।

## बैठक तथा छलफल

१. जाजरकोट र बझाङ भूकम्पपछिको अस्थायी आवास निर्माणको प्रगति अवस्था, ती भूकम्पबाट निजी आवास, सार्वजनिक भवन तथा पूर्वाधारका साथै जनजीविकामा पुगेको क्षतिको प्रारम्भिक आँकलन प्रतिवेदन, पुनर्निर्माणको योजना तथा त्यसका लागि आवश्यक बजेट आदिबारे जानकारी गराउने एवं अन्तरक्रिया गर्ने उद्देश्यले पुस २९ गते पत्रकार भेटघाटको कार्यक्रम सम्पन्न भयो ।

२. विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा, खानेपानी तथा जलवायु आदिको अध्ययन अनुसन्धानमा ई.सं. २००४ देखि क्रियाशील नेपाल विकास अनुसन्धान प्रतिष्ठान (NDRI) ले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ लाख ५५ हजार ३३६ रुपैयाँ सहयोग गरेको छ ।

प्राधिकरणमा पुस २५ गते भएको छलफलका क्रममा प्रतिष्ठानका अध्यक्ष डा. कृष्ण पहरीले उक्त रकम बराबरको चेक प्राधिकरणका कार्यकारी प्रमुखलाई हस्तान्तरण गर्नुभयो ।

३. के एण्ड ए इञ्जिनियरिङ कन्सल्टिङका तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग प्राप्त भएको छ । कन्सल्टिङका तर्फबाट सिनियर डाइरेक्टर अफ अपरेसन्स ऋषिकेश शर्माले प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेललाई १ लाख ९० हजार ३६८ रुपैयाँ बराबरको चेक हस्तान्तरण गर्नुभयो ।

शर्माले कन्सल्टिङका पदाधिकारी र कर्मचारीहरुका तर्फबाट जाजरकोट भूकम्पपछिको पुनर्स्थापना एवं पुनर्निर्माणमा सहयोग पुगोस् भन्ने हेतु सहयोग गरिएको जानकारी दिनुभयो । अमेरिकाको न्यूयोर्कमा मुख्य कार्यालय रहेको यस कन्सल्टिङले विद्युत प्रशारण तथा वितरणको क्षेत्रमा काम गर्दै आएको छ ।

४. राहत सहायता 'फाइभ डब्लु' फारम (Relief Support 5W Form) को सुधार गर्न र यसमा एकरुपता ल्याउनका लागि पुस १७ गते सरकारी निकाय एवं मानवीय क्षेत्रमा क्रियाशील साझेदार संस्थाका प्रतिनिधिहरुबीच प्राधिकरण सभाहलमा छलफल आयोजना गरिएको छ ।

विपद् पश्चात कसले, कहाँ, कहिले, कसलाई र के-कस्ता राहत सामग्री सहयोग गर्यो भन्ने जानकारीसहितको रिपोटिङका लागि यो फारम प्रयोगमा आउँछ ।

## स्थानीय सरकारबाट कदर !




विपद् जोखिम व्यवस्थापनमा प्रयोग हुने खोज तथा उद्धार सामग्री उपलब्ध गराएकोमा बेलौरी नगरपालिका (कञ्चनपुर) ले पुस २३ गते आफ्नो १२औं नगरसभामा प्राधिकरणलाई धन्यवादसहित सम्मान-पत्र प्रदान गरेको छ ।

सबै तहका सरकार तथा निकायहरुको समन्वयात्मक प्रयासबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन संभव छ भन्नेमा विश्वास दोहोर्याउँदै प्राधिकरणका तर्फबाट पनि बेलौरी नगरपालिकालाई धन्यवाद दिन चाहन्छौं ।

# अस्थायी आवास अनुदानका लागि अर्थबाट एक अर्ब निकासा

जाजरकोट र बझाङ भूकम्प प्रभावितका लागि अस्थायी आवास निर्माण गर्न थप एक अर्ब रुपैयाँ निकासा भएको छ।

अर्थ मन्त्रालयबाट निकासा भएको सो रकममध्ये पुस २ गते ९३ करोड सम्बन्धित जिल्लामा पठाइएको छ ।

निकासा भएको रकममध्ये जाजरकोटमा ५४ करोड, रुकुम पश्चिममा ३४ करोड र सल्यानमा पाँच करोड पठाइएको बताउनुभयो ।

यसअघि प्राधिकरणले अस्थायी आवास निर्माणका लागि एक अर्ब ४१ करोड पठाइसकेको छ ।

यसअघि विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम पठाइएकामा पहिलोपटक अर्थ मन्त्रालयबाट प्राप्त रकम जिल्लामा पठाइएको हो ।

योसँगै अस्थायी आवास अनुदानवापत कूल २ अर्ब २६ करोड निकासा भएको छ ।

कात्तिक २७ को बसेको मन्त्रिपरिषद्को बैठकले भूकम्प प्रभावितका लागि रु १० अर्ब निकासा गर्ने निर्णय गरेको थियो ।

## आपतकालीन सम्पर्क नम्बरहरु

| क्रं. सं. | प्रदेश | जिल्ला | प्रमुख जिल्ला अधिकारी | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | भोजपुर | ९८५२०१७७७७ | ९८५२०-१५५५५ | ९८५१२७२२४५ |
| २ | प्रदेश नं. १ | धनकुटा | ९८५२०३७७७७ | ०२६-५२०१५५ | ९८५१२७२२४६ |
| ३ | प्रदेश नं. १ | इलाम | ९८५२६०७७७७ | ०२७-५२००२४ | ९८५१२७२२४२ |
| ४ | प्रदेश नं. १ | झापा | ९८५२६१७७७७ | ०२३-४५५०८५ | ९८५१२७२१२५ |
| ५ | प्रदेश नं. १ | खोटाङ | ९८५२८०७७७७ | ०३६-४२०१२१ | ९८५१२७२२४७ |
| ६ | प्रदेश नं. १ | मोरङ | ९८५२०५७७७७ | ०२१-५२५३०१ | ९८५१२७२१३६ |
| ७ | प्रदेश नं. १ | ओखलढुंगा | ९८५२८७७७७७ | ०३७-५२०१७५ | ०३७-५२०६४२ |
| ८ | प्रदेश नं. १ | पांचथर | ९८५२६२७७७७ | ०२४-५२०१९९ | ९८५१२७२२४० |
| ९ | प्रदेश नं. १ | संखुवासभा | ९८५२०७७७७७ | ०२९-५६०१९९ | ९८५१२७२२५४ |
| १० | प्रदेश नं. १ | सोलुखुम्बू | ९८५२८२७७७७ | ०३८-५२०२५० | ९८५१२७२०३९ |
| ११ | प्रदेश नं. १ | सुनसरी | ९८५२०८७७७७ | ०२५-५६०७२८ | ९८५२०६३२०१ |
| १२ | प्रदेश नं. १ | ताप्लेजुंग | ९८५२६३७७७७ | ०२४-४६०१९९ | ९८५१२७२२४१ |
| १३ | प्रदेश नं. १ | तेह्रथुम | ९८५२०९७७७७ | ०२६-४२०१२९ | ९८५१२७२२६२ |
| १४ | प्रदेश नं. १ | उदयपुर | ९८५२८१७७७७ | ०३५-४२०२१५ | ९८५१२७२२७२ |
| १५ | मधेश | पर्सा | ९८५५०७७७७७ | ०५१-५२२२५१ | ९८५१२७२१३२ |
| १६ | मधेश | बारा | ९८५५००७७७७ | ०५३-५५०३९९ | ९८५१२७२१५१ |
| १७ | मधेश | रौतहट | ९८५५०३७७७७ | ०५५-५२०१७७ | ९८५१२७२१३० |
| १८ | मधेश | सर्लाही | ९८५४०७७७७७ | ०४६-५२०८६६ | ९८५१२७२१२९ |
| १९ | मधेश | धनुषा | ९८५४००७७७७ | ०४१-५२६०९९ | ९८५१२७२१२७ |
| २० | मधेश | सिराहा | ९८५२८३७७७७ | ०३३-५२०००५ | ९८५१२७२१२६ |
| २१ | मधेश | महोत्तरी | ९८५४०२७७७७ | ०४४-५२०००९ | ९८५१२७२१२८ |
| २२ | मधेश | सप्तरी | ९८५२८५७७७७ | ०३१-५२१६१३ | ९८५१२७२१४३ |
| २३ | बागमती | सिन्धुली | ९८५४०६७७७७ | ०४७-५२०५५५ | ९८५१२७२६०२ |
| २४ | बागमती | रामेछाप | ९८५४०५७७७७ | ०४८-५४००९९ | ९८५१२७२५५६ |
| २५ | बागमती | दोलखा | ९८५४०१७७७७ | ०४९-४२१३३३ | ९८५१२७२५३७ |
| २६ | बागमती | भक्तपुर | ९८५१२१७७७७ | ०१- ६६१४८२१ | ९८५१२७२०६७ |
| २७ | बागमती | धादिङ | ९८५१२४७७७७ | ०१०-५२०२७९ | ९८५१२७२४९१ |
| २८ | बागमती | काठमाडौँ | ९८५१२०७७७७ | ०१-४२६१८४३ | ९८५१२७२०६८ |
| २९ | बागमती | काभ्रेपलान्चोक | ९८५१२३७७७७ | ०११-४९०२३० | ९८५१२७२०७५ |
| ३० | बागमती | ललितपुर | ९८५१२२७७७७ | ०६६-५५२१२०७ | ९८५१२७२०६६ |
| ३१ | बागमती | नुवाकोट | ९८५११४७७७७ | ०१०-५६०३९९ | ९८५१२७२५३५ |
| ३२ | बागमती | रसुवा | ९८५१२७७७७७ | ०१०-५४०२०० | ९८५१२७२२७५ |
| ३३ | बागमती | सिन्धुपाल्चोक | ९८५१२५७७७७ | ०११-६२००८८ | ९८५१२७२६०२ |
| ३४ | बागमती | चितवन | ९८५५०१७७७७ | ०५६-५२०९९९ | ९८५१२७२१३४ |
| ३५ | बागमती | मकवानपुर | ९८५५०२७७७७ | ०५७-५२३८११ | ९८५१२७२५३२ |
| ३६ | गण्डकी | बागलुङ | ९८५७६०७७७७ | ०६८-५२०२१९ | ९८५७६६८७०० |
| ३७ | गण्डकी | गोरखा | ९८५६०५७७७७ | ०६४-४२०२३७ | ९८५१२७२२७१ |
| ३८ | गण्डकी | कास्की | ९८५६००७७७७ | ०६१-५२००३३ऽ | ९८५१२७२०८० |
| ३९ | गण्डकी | लमजुङ | ९८५६०१७७७७ | ०६६-५२०१९८ | ९८५१२७२६१५ |
| ४० | गण्डकी | मनाङ | ९८५६०३७७७७ | ०६६-४४०१९९ | ९८५१२७२५२१ |
| ४१ | गण्डकी | मुस्ताङ | ९८५७६३७७७७ | ०६९-४४००९९ | ९८५१२७२४७४ |
| ४२ | गण्डकी | म्याग्दी | ९८५७६२७७७७ | ०६९-५२०२७५ | ९८५१२७२५९० |
| ४३ | गण्डकी | नवलपुर | ९८५७०८७७७७ | ०७८-५४०१०० | ९८५१२७२५१६ |
| ४४ | गण्डकी | पर्वत | ९८५७६१७७७७ | ०६७-४२०२६२ | ९८५१२७२०७९ |
| ४५ | गण्डकी | स्याङ्जा | ९८५६०४७७७७ | ०६३-४२०२८४ | ९८५१२७२५१८ |
| ४६ | गण्डकी | तनहुँ | ९८५६०६७७७७ | ०६५–५६०१९९ | ९८५१२७२०९९ |
| ४७ | लुम्बिनी | कपिलवस्तु | ९८५७०३७७७७ | ०७६-५६०४६५ | ९८५१२७२१३७ |
| ४८ | लुम्बिनी | परासी | ९८५७०४७७७७ | ९८५७०६५५६० | ९८५१२७२१३५ |
| ४९ | लुम्बिनी | रुपन्देही | ९८५७०७७७७७ | ०७१-५२०२०० | ९८५१२७२१४४ |
| ५० | लुम्बिनी | अर्घाखाँची | ९८५७००७७७७ | ०७७-४२०२९९ | ९८५१२७२०५७ |
| ५१ | लुम्बिनी | गुल्मी | ९८५७०१७७७७ | ०७९-५२०२३० | ९८५१२७२२८१ |
| ५२ | लुम्बिनी | पाल्पा | ९८५७०५७७७७ | ०७५-५२०५३६ | ९८५१२७२५८० |
| ५३ | लुम्बिनी | दाङ | ९८५७८०७७७७ | ०८२-५२०९५९ | ९८५१२७२०८४ |
| ५४ | लुम्बिनी | प्युठान | ९८५७८१७७७७ | ०८६-४२००३६ | ०८६-४६०४८८ |
| ५५ | लुम्बिनी | रोल्पा | ९८५७८२७७७७ | ०८६-६८००९९ | ०४९-७५७८७३ |
| ५६ | लुम्बिनी | रूकुम-पूर्व | ९८५७८६७७७७ | ९८७८९०४८१ | ०८८-४१३०९७ |
| ५७ | लुम्बिनी | बाँके | ९८५८०२७७७७ | ०८१-५२६१९१ | ९८५१२७२१३८ |
| ५८ | लुम्बिनी | बर्दिया | ९८५८०३७७७७ | ०८४-४२०१९९ | ९८५१२७२१३९ |
| ५९ | कर्णाली | रूकुम-पश्चिम | ९८५७८३७७७७ | ०८८-५३०१८७ | ९८५१२७२६४६ |
| ६० | कर्णाली | सल्यान | ९८५७८४७७७७ | ०८८-५००७० | ०८८-५२०४१५ |
| ६१ | कर्णाली | डोल्पा | ९८५८३०७७७७ | ०८७-५५००५७ | ९८५१२७२१८५ |
| ६२ | कर्णाली | हुम्ला | ९८५८३१७७७७ | ०८७-६८०१३३ | ९८५१२७२७५७ |
| ६३ | कर्णाली | जुम्ला | ९८५८३२७७७७ | ०८७-५२००१३ | ०८७-५२०५०३ |
| ६४ | कर्णाली | कालिकोट | ९८५८३३७७७७ | ०८७-४४००१३ | ०८७-४४०३१३ |
| ६५ | कर्णाली | मुगु | ९८५८३४७७७७ | ०८७-४६००९९ | ९८५१२७२७६१ |
| ६६ | कर्णाली | सुर्खेत | ९८५८००७७७७ | ०८३-५२००२२ | ९८५१२७२०८३ |
| ६७ | कर्णाली | दैलेख | ९८५८०१७७७७ | ०८९-४२०११३ | ०८९-४१०२५५ |
| ६८ | कर्णाली | जाजरकोट | ९८५८०४७७७७ | ०८९-६८०२५५ | ०८९-४३०३५१ |
| ६९ | सुदुर पश्चिम | कैलाली | ९८५८४२७७७७ | ०९१-५२११५० | ९८५१२७२१४२ |
| ७० | सुदुर पश्चिम | अछाम | ९८५८४०७७७७ | ०९८-६२०२२० | ९८५१२७२३४९ |
| ७१ | सुदुर पश्चिम | डोटी | ९८५८४३७७७७ | ०९४-४२००९९ | ९८५१२७२०८७ |
| ७२ | सुदुर पश्चिम | बझाङ | ९८५८४१७७७७ | ०९२-४२१००६ | ९८६४३२६५८२ |
| ७३ | सुदुर पश्चिम | बाजुरा | ९८५८४४७७७७ | ०९७-५५४०३१२ | ९८५१२७२७५२ |
| ७४ | सुदुर पश्चिम | कंचनपुर | ९८५८७३७७७७ | ०९९-५२११३६ | ९८५१२७२१४१ |
| ७५ | सुदुर पश्चिम | डडेलधुरा | ९८५८७१७७७७ | ०९६-४२०१७६ | ९८५१२७२५१३ |
| ७६ | सुदुर पश्चिम | बैतडी | ९८५८७०७७७७ | ०९३-४२०२५० | ९८५१२७२०८५ |
| ७७ | सुदुर पश्चिम | दार्चुला | ९८५८७२७७७७ | ९८५८७५४४५५ | ९७४१४६९००७ |

प्राविधिक सहायताः राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

०१-४२११११९५ | @NDRRMA | NDRRMA_Nepal | NDRRMA | bipad.gov.np | NDRRMA-Viber-Group | info@bipad.gov.np

संरक्षकः अनिल पोखरेल | सल्लाहकारः भरत मणी पाण्डे | सम्पादकः ध्रुव बहादुर खड्का